# बुद्धशान्ति गाउँपालिका

# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित


| खण्डः ६ | संख्याः १ | प्रकाशित मितिः २०७९।०९।२५ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृत २०७९।०९।०७ | | |


**भाग - २**

**बुद्धशान्ति गाउँपालिका**

**सम्वत २०७९ सालको नियमावली नं. १**

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नियमावली, २०७९

**प्रस्तावना**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) एवम् बुद्धशान्ति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७८ को दफा ३ बमोजिम कार्यपालिकाको मिति २०७९।०९।०७ गते बसेको पन्ध्रौं बैठकले यो नियमहरु स्वीकृत गरी जारी गरेको छ ।

## परिच्चेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम, क्षेत्र र प्रारम्भः</u> (१) यो नियमहरुको नाम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली बुद्धशान्ति राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(छ) "इजाजतपत्र" भन्नाले यो नियमावली बमोजिम प्राप्त "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनु पर्छ ।

(ज) "निर्माण व्यवसायी" भन्नाले यस नियमावली वमोजिम इजाजत प्राप्त "घ" वर्गको निर्माण व्यवसायी लाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले निर्माण व्यवसाय गर्न योग्यता पुगे/नपुगेको जाँचबुझ गरि प्रतिवेदन पेश गर्ने समिति लाई सम्झनु पर्छ ।

(ञ) "दस्तुर" भन्नाले इजाजतपत्र वापत लिईने दस्तुर लाई सम्झनु पर्छ ।

## परिच्छेद २

## इजाजत पत्र तथा नवीकरण

३. **<u>इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने</u>:** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त नगरी **"घ"** वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन पाईने छैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति वा जनसहभागिता मार्फत सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न वाधा पुऱ्याएको मानिने छैन ।

४. **<u>इजाजतपत्र सम्वन्धी व्यवस्था</u>:** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएका निवेदनहरु उपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-४ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहाय बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(क) योजना तथा अनुगमन शाखा प्रमुख - संयोजक

(ख) प्रशासन शाखा प्रमुख - सदस्य

(ग) पूर्वाधार बिकास शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले कागजात जाँचबुझ गर्दा निवेदकले पेश गरेको निवेदनमा उल्लेखित विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा समितिले निवेदकलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ।

(४) उपनियम (२) अनुसारको समितिले जाँचबुझ गरि निवेदकको माग बमोजिम इजाजतपत्र दिन मनासिब देखेमा समितिले सिफारिस सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त प्रतिवेदन सहित इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(६) न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुलाई कार्यपालिकाको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-२ बमोजिम इजाजतपत्र दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नुपर्नेछ ।

५. **कागजात, जनशक्ति एवम् उपकरणहरुः** **"घ"** वर्गको इजाजतपत्र लिन चाहिने कागजात, जनशक्ति एवं उपकरणहरु अनुसूची-४ मा तोकिए बमोजिमको हुनेछ।

६. **इजाजतपत्रको अवधि र नविकरणः** (१) नियम ४ को उपनियम (६) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि नियम १० बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त सम्म मात्र मान्य हुनेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानून बमोजिम कर तिरेको करचुक्ता प्रमाणपत्र सहित देहायका कागजात सम्लग्न गरी गाउँपालिकावाट अनुसूची-२ वमोजिमको नविकरण दस्तुर बुझाई नविकरण गराउनु पर्नेछ ।

(क) फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) प्यान वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ग) इजाजतपत्रको प्रतिलिपी ।

(३) इजाजतपत्र नविकरण गर्न अनुसूची-५ बमोजिमको ढाँचामा गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-७ वमोजिमको विवरण भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । अनुसूची-७

वमोजिमको विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(४) उपनियम (२) बमोजिमको अवधि नाघेपछि सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न निवेदन दिएमा अनुसूची-२ बमोजिमको दस्तुरको अतिरिक्त देहाय बमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ ।

(क) उपनियम (२) बमोजिमको अवधि नाघेको तीन महिना सम्मको थप पचास प्रतिशत ।

(ख) खण्ड (क) को अवधि नाघेपछि सोही आ.ब. को आषाढ मसान्त सम्मको थप एकसय प्रतिशत ।

(ग) खण्ड (ख) को अवधि नाघेपछि प्रत्येक आ.ब. को लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आ.ब. को लागि थप एकसय पचास प्रतिशत ।

(५) नियम ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता भएको तीन बर्ष सम्म पनि नवीकरण नहुने निर्माण व्यवसायीको इजाजतपत्र नवीकरण गरिने छैन ।

(६) स्थानान्तरण भई आउने निर्माण व्यवसायीको इजाजतपत्र नवीकरण सम्बन्धमा समेत उपनियम (५) मा भएको व्यवस्था लागू हुनेछ ।

७. **इजाजतपत्र नविकरण सम्वन्धी अन्य व्यवस्थाः** (१) सम्बन्धित निकायमा **"घ"** वर्गको निर्माण व्यवसायी दर्ता भई इजाजतपत्र प्राप्त निर्माण व्यवसायीले स्थानान्तरण भई यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्य सञ्चालन गर्न चाहेमा सम्बन्धित निकायबाट प्रमाणित विवरण माग गरि विवरण प्राप्त भए पश्चात त्यस्तो विवरणको अभिलेखको आधारमा आवश्यक प्रक्रिया पुरा गरी अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र नविकरण गर्न सकिनेछ ।

(२) इजाजतपत्र नविकरण नभई वा नगरी कार्य सञ्चालन गरेमा त्यस्तो निर्माण व्यवसायीलाई कार्यपालिकाले आवश्यक कारबाही सहित जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद ३

## नामसारी, साझेदार थपघट तथा अन्य

८. **विवरण हेरफेर गर्न सकिनेः** (१) एक वा एकभन्दा बढी व्यक्तिको स्वामित्वमा रहेको फर्मको स्वामित्व परिवर्तन गरी अर्को व्यक्तिको नाममा नामसारी गर्नु परेमा वा साझेदार थपघट गर्नु परेमा निर्माण व्यवसायीले आवश्यक कागजात सम्लग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब देखिएमा कार्यपालिकाको निर्णयानुसार इजाजतपत्रमा हेरफेर वा नामसारी भएको कारण समेत खुलाई संशोधन गरिदिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम संशोधन गरिएको विवरण राजश्व प्रशासन शाखाले इजाजत-पत्रमा सो कुरा जनाई कार्यालयमा अभिलेख समेत राख्नु पर्नेछ ।

९. **इजाजतपत्रको दर्ता अभिलेखः** (१) गाउँपालिकाले यस नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्रको अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता किताव खडा गरी अद्यावधिक गरी राखुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दर्ता कितावमा यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम प्रदान गरिएको इजाजतपत्रको अभिलेख समेत राखुपर्नेछ ।

१०. **इजाजतपत्र खारेजीः** (१) देहायको अवस्थामा कार्यपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) नियम ६ को उपनियम (५) बमोजिमको अवधि सम्म नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) दर्ता खारेज भए पश्चात सोही व्यक्ति, फर्म वा समूहको नाउँमा कम्तीमा तीन बर्ष सम्म इजाजतपत्र दर्ता गरिने छैन।

(५) उपनियम (१) वा उपनियम (३) बमोजिम निर्माण व्यवसायीको इजाजतपत्र खारेज भएमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा निर्माण व्यवसायी वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ।

११. **<u>इजाजतपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्थाः</u>** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको प्रतिलिपि दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

१२. **<u>निर्माण व्यवसायीको कर्तव्यः</u>** ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधीनमा रही लागत अनुसारको गुणस्तरिय सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको कर्तव्य हुनेछ ।

१३. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस नियमावलीमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ। साथै नियमावलीमा उल्लेख भएका व्यवस्थाहरु नेपालको प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

१४. **<u>नियमावलीमा संशोधनः</u>** यस नियमावलीमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१५. **खारेजी तथा बचाउः "घ"** वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ । खारेज गरिएको कार्यविधि अनुसार भए गरेका काम कारवाहीहरु एवम् यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

नियमावलीको नियम ४ को उपदफा १ सँग सम्बन्धित

इजाजतपत्रको लागि दिईने दरखास्त

विषय : **इजाजतपत्र पाँउ भन्ने बारे**

श्री बुद्धशान्ति गाउँकार्यपालिकाको कार्यालय

बुधबारे, झापा

प्रस्तुत विषयमा यस गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी नियमावली, २०७९ को नियम ४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउन निम्नानुसारको विवरण भरी एवं देहायका कागजात समेत संलग्न यो दरखास्त पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः-

नामः- टेलिफोन नः-

ठेगानाः- फ्याक्स नंः-

पोष्ट बक्सः- ईमेलः-

२. फर्म वा कम्पनीको प्रकृतिः-

प्राईभेट लिमिटेड कम्पनी ( ) पब्लिक लिमिटेड कम्पनी ( )

एकलौटी ( ) साझेदारी ( )

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिकोः-

नाम थरः- फ्याक्स नः-

ठेगानाः पोष्ट बक्सः-

टेलिफोन नः- ईमेलः-

४. फर्म वा कम्पनीको विवरणः-

नामः- अधिकृत पूजीः-

दर्ता नं. जारी पूजीः-

दर्ता मितिः-

५. दर्ता गर्ने फर्म वा कम्पनीको नाम र कार्यालयको ठेगानाः-

६. इजाजतपत्र लिन चाहेको वर्गः- "घ" वर्ग

७. आर्थिक श्रोतको विवरणः-

| खाताको प्रकृति | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |

(उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।)

८. कर्मचारी तथा कामदारको विवरणः-

(क) प्राविधिक कर्मचारीको संख्या, नाम र पदः-

(प्राविधिक कर्मचारीको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।)

(ख) अप्राविधिक कर्मचारीको संख्या, नाम र पदः-

(ग) कामदारको संख्याः-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः-

| सि नं | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरणः-

| सि नं | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगती प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११. संलग्न प्रमाण कागजातहरुः-

(क) फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) करचुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(घ) सञ्चालकहरूको नागरिकताको प्रमाणित प्रतिलिपि

(ङ) अनुसूची-४ बमोजिमको प्रमाणित विवरण

(च) अनुसूची-२ बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

| निर्माण व्यवसायीको छाप |
|---|

दरखास्तवालाकोः-

नामः-...............................................

ठेगानाः.............................................

दस्तखतः-.......................................

मितिः-.............................................

द्रष्टव्यः यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्ने सक्कल कागजात देखाउनु अनिवार्य हुनेछ ।

अनुसूची - २

(नियमावलीको नियम ६ को उपनियम (२), (४), नियम ७ र नियम ११ सँग सम्बन्धित)

| सि. नं | निर्माण व्यवसायी को बर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | नामसारी/ठाउँसारी/अन्य गर्नका लागि सिफारिस दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | **घ** | रु. बीस हजार | रु. पाँच हजार | रु. पाँच हजार | रु. एक हजार |

अनुसूची - ३

(नियमावलीको नियम ४ को उपनियम (६) सँग सम्बन्धित)

**बुद्धशान्ति गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बुधबारे, झापा**

**<u>“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र</u>**

इजाजतपत्र न...................... मितिः-..................................

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र नियमावली, २०७९ को नियम ४ को उपनियम (६) बमोजिम निर्माण व्यवसाय गर्न..................................स्थित कार्यालय भएको ..................................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

**घ**

इजाजतपत्र दिनेको,

दस्तखतः-

नामः-

पदः-

मितिः-

*नोटः*

*१. यो इजाजत पत्र एक आर्थिक वर्ष सम्म बहाल रहने छ ।*

*२. प्रत्येक वर्षको श्रावण महिना देखि आश्विन मसान्त भित्र गाउँपालिकाले तोकेको दस्तुर तिरी इजाजतपत्र नविकरण गर्नु पर्नेछ ।*

*३. आश्विन मसान्त भित्र नविकरण नगरी अवधि नाघेमा तोकिएको थप दस्तुर तिरी नविकरण गर्न सकिने छ ।*

*४. तीन बर्ष सम्म पनि नविकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।*

नविकरण भएको इजाजतप्राप्त **“घ”** वर्गको निर्माण व्यवसायी संस्थाको नामः

इजाजतपत्र नः-

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर | भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४

नियमावलीको नियम ५ संग सम्वन्धित

**"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता**

१. **आर्थिक क्षमताः** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा कम्तीमा बीस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरणः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक,

(ख) कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक जनशक्ति,

(ग) वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. **मेशीन र उपकरणः**

(क) ट्रिपर र ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्स्चर मेसिन (एक थान)

(ग) थेरोलाइट/लेभल मेशीन (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

**द्रष्टव्यः**

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरू पेस गर्नु पर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एसोसिएसनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले कम्तीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. ट्रिपर र टयाक्टरको हकमा खरिद गरेको विल वा दुई वर्ष सम्म भाडामा लिएको सम्झौता पत्र पेस गर्नु पर्नेछ ।

५. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूची - ५

(नियम ६ सँग सम्बन्धित)

इजाजतपत्र नवीकरणको लागि दिईने दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृत,
बुद्धशान्ति गाउँ कार्यपालिकाको कार्यालय ।

विषयः **इजाजतपत्र नवीकरण गरी पाँउ भन्ने बारे ।**

निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नवीकरण गर्नको लागि देहाय बमोजिमको विवरणहरु खुलाई निर्माण व्यवसायी इजाजतपत्र नियमावली, २०७९ बमोजिम यो दरखास्त पेश गरेको छु ।

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,–

(क) नामः-

(ख) ठेगानाः-

(ग) पोष्ट बक्सः-

(घ) टेलिफोन नंः-

(ङ) फ्याक्स नंः-

(च) ईमेलः-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,–

(क) नामः-

(ख) ठेगानाः-

३. निर्माण व्यवसायीको,–

(क) प्रमाणपत्र नंः-

(ख) दर्ता मितिः-

४. (क) इजाजतपत्र नंः-

(ख) इजाजतपत्र जारी भएको मितिः-

(ग) इजाजतपत्र जारी गर्ने कार्यालयः-

५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नंः-

(ख) नवीकरण मितिः-

६. इजाजतपत्र नवीकरण दस्तुर/थप दस्तुर बापत रु. .............................
अक्षरेपी...................................
जम्मा गरेको .................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

७. यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

निवेदन दिनेको,–

नामः-

पदः-

दस्तखतः-

मितिः-

अनूसूची - ६

(नियम ९ सँग सम्बन्धित)

**इजाजतपत्र अभिलेख/दर्ता**

इजाजतपत्रको नं............

खण्ड क

१. निर्माण व्यवसायी (फर्म वा कम्पनी) को,–

(क) नामः-

(ख) ठेगानाः-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको,–

(क) नामः-

(ख) ठेगानाः-

३. निर्माण व्यवसायको,–

(क) दर्ता नः-

(ख) दर्ता मितिः-

४. इजाजतपत्रको,–

(क) वर्गः-

(ख) समूहः-

५. इजाजतपत्र जारी गरेको शुरु मितिः-

खण्ड "ख"

नवीकरण

| सि.नं. | नवीकरण भएको मिति | इजाजतपत्र नवीकरण दस्तुरको भौचर नं. | नवीकरण दस्तुर बुझाएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूची - ७

(नियमावलीको नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| सि. नं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति बिबरण | ठेक्का सम्पन्न बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम ………… | क) नामः …………… | क) थप समयः ………… | क) Variation पछिको Contract Amount ………… | क) सम्पन्न रकमः ………… | क) अन्तिम ठेक्का रकमः ………… | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ख) सम्झौता मितिः ............ | ख) पदः ................... | ख) नामः ............ | ख) Variation को निर्णय गर्ने पदाधिकारी को नामः ............ | ख) सम्पन्न मितिः ............ | ख) सम्पन्न मितिः ............ | |
| | | | | | ग) ठेक्का अवधि ...... | ग) हस्ताक्षर ................... | ग) पदः ............ | ग) पदः ............ | ग) सम्पन्न % ............ | | |
| | | | | | | घ) छाप .................. | घ) हस्ताक्षर ............... | घ) हस्ताक्षर ............ | घ) नामः ............ | ग) नामः ............ | |
| | | | | | | | ङ) निर्णय मितिः ............ | ङ) छाप ............ | ङ) पदः ............ | घ) पदः ......... | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | च) छाप ………… | | च) हस्ताक्षर ………… | ङ) हस्ताक्षर ………… | |
| | | | | | | | | | छ) छाप ………… | च) छाप ………… | |

……………………………………………

इजाजत पत्र बाहकको दस्तखत र छाप

आज्ञाले,

युवराज कट्टेल

प्रमुख प्रशासकीय अधिकृत